# नेपाल विद्युत प्राधिकरण

## ईन्जिनियरिङ्ग सेवा निर्देशनालय

## आयोजना विकास विभाग

दरवारमार्ग, काठमाण्डौ

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७६।०९।२९)

नेपाल विद्युत प्राधिकरण ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभाग अन्तर्गतका आयोजना तथा महाशाखाहरुमा तह-३ का सवारी चालक सप्लाई कार्य सिलबन्दी दरभाउपत्र मार्फत गराउनु पर्ने भएकोले त्यस्ता कामदार आपूर्ति गर्नका लागि नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ ।

**शर्तहरुः**

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्रौं) दिन वा मिति २०७६।१०।१४ गते** (सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) **सम्ममा** कार्यालय समय भित्र नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागको बैक अफ काठमाण्डौको धरौटी खाता नं. ०१०००००४९२५-१५२४ मा जम्मा गरेको रु. १०००।-को सक्कल बैंक भौचर पेश गरी ईन्जिनियरिङ्ग सेवा निर्देशनालय,आयोजना विकास विभाग,प्रशासन शाखाबाट खरीद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरीद गर्न फर्म, संस्था वा कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिलाको प्रमाणित प्रतिलिपी संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात २०७६।१०।१५ गते** ( सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) **दिउंसो १२:०० बजे सम्ममा** यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय,आयोजना विकास विभाग,प्रशासन शाखामा दर्ता गर्नु पर्नेछ । रीतपूर्वक दर्ता भएको सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको **१४:०० बजे** सम्बन्धित दरभाउपत्रदाताहरुको रोहवरमा (उपस्थित नभए पनि) खोलिनेछ ।

४. दरभाउपत्र फाराम साथ जमानत वापत (विडवण्ड) रु. ६०,०००।- को बैक अफ काठमाण्डौ स्थित यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय आयोजना विकास विभागको धरौटी खाता नं.०१०००००४९२५-१५२४ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित कुनै वाणिज्य बैंकबाट वोलपत्र आव्हान गर्ने कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद तथा अतिरिक्त ३०(तीस) दिन गरी जम्मा १०५ दिन मान्य अवधि भएको बिना शर्तको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

५. दरभाउपत्रले कबोल गरेको इकाई दररेट तथा कूल रकम, अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र फारामको खाम बाहिर यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागको नाम, दरभाउपत्र नं. र कार्य विवरणको नाम स्पष्ट रुपमा लेख्नु पर्नेछ । दरभाउपत्रमा, दरभाउपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनु पर्नेछ ।

७. दरभाउपत्र फाराम प्रस्तावदाता आफै वा आफ्नो प्रतिनिधि मार्फत वा हुलाक वा कुरियरबाट पेश गर्न सकिनेछ । म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नाममा खरीद भई अर्काको नाममा दर्ता हुन आएको दरभाउपत्र फारामलाई मान्यता दिइने छैन ।



नेपाल विद्युत प्राधिकरण

८. सिलबन्दी दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागमा सुरक्षित रहनेछ ।

९. अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१०. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागमा सम्पर्क गरी तथा नेपाल विद्युत प्राधिकरणको website: www.eproc.nea.org.np मा समेत हेर्न र फोन नं ०१–४१५३०३९ बुझ्न सकिनेछ ।

| सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण | दरभाउपत्र खरीद गर्न पाउने स्थान र अन्तिम मिति | दरभाउपत्र दर्ता र खोल्ने अन्तिम मिति, स्थान र समय | विडवण्ड रकम रु. | बैंक र खाता नं. |
|---|---|---|---|---|---|
| **NEA-PDD-SQ-01-2076/77** | तह-३ का सवारी चालक आपूर्ति गर्ने कार्य | ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभाग<br>मिति २०७६।१०।१४<br>कार्यालय समय भित्र | ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभाग<br>मिति २०७६।१०।१५<br>**दिउंसो १२:०० बजे सम्ममा**<br>**खोल्ने समय सोहि दिन २:०० बजे** | रु.६०,०००।- | बैक अफ काठमाण्डौ धरौटी खाता नं.०१००००० ४९२५-१५२४ |

निर्देशक
आयोजना विकास विभाग